**CHECK AGAINST DELIVERY**

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**

**लेना सुन्ध**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका प्रतिनिधि**

**महिला मानवअधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय दिवसका अवसरमा ओरेक र फेदोद्वारा आयोजित "महिला मानवअधिकार रक्षकहरूसँगको तेस्रो राष्ट्रिय परामर्श"मा दिनुभएको सम्बोधन भाषण**

**२०६३ मङ्सिर १२ - काठमाडौं**

यो दुई दिने अत्यन्त महत्वपूर्ण भेलाको उद्‌घाटनमा तपाईंहरूसँग आज यहाँ हुन पाउँदा मलाई खुशी र गौरव लागेको छ । यो समारोह आयोजना गर्नु भएकोमा ओरेक र फेदोलाई तथा नेपालभरि जनस्तरमा आफ्नो सामाजिक र मानवअधिकार कार्यमा तपाईंहरूले देखाउनु भएको नेतृत्वका लागि सबै सहभागी तथा तपाईंहरूका सङ्गठनहरूलाई बधाई दिन्छु ।

यो तेस्रो राष्ट्रिय परामर्शको वास्तविक कार्य सहभागीहरूका लागि आफ्ना विचारहरू बाँड्‌न र कार्ययोजनाको विकास गर्न भएको हुनाले म छोटकरीमा आफना कुराहरू राख्नेछु ।

नेपालमा शान्ति र प्रजातन्त्रतर्फको यो ऐतिहासिक सङ्क्रमणमा महिला मानवअधिकार रक्षकहरूले सामुदायिक तथा राष्ट्रिय तहमा नेतृत्वका लागि खेल्नुपर्ने भूमिका अति आवश्यक छ । तपाईंहरूलाई थाहा छैन होला, त्यसैले म तपाईंहरूसँग बाँड्‌न चाहान्छु कि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त महिला हुनुहुन्छ - लुइस आर्वर, एक प्रख्यात क्यानाडाली न्यायाधीश । र, नयाँ उप-उच्चायुक्त पनि महिला नै हुनुहुन्छ - क्योङ्ग ह्वा काङ्ग । उहाँ दक्षिण कोरियाली हुनुहुन्छ र कुटनीतिक क्षेत्रमा उहाँको व्यापक अनुभव छ । सायद आजको यो भेलामा भावी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त पनि बस्नुभएको होला । मलाई त्यस्तै आशा छ ।

सबै पात्रले अब विस्तृत शान्ति सम्झौत (विशास) लाई कार्यान्वयन गर्नुपर्ने हुनाले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ का प्रावधानहरूबारे चेतना जगाउन तपाईंहरूले गर्नु भएको पहल नेपालमा शान्ति प्रक्रियाका लागि एउटा महत्वपूर्ण योगदान हो । प्रस्ताव १३२५ संयुक्त राष्ट्रसङ्घका लागि एउटा ऐतिहासिक कदम थियो । यसलाई सन् २००० मा पारित गरियो र यो धेरै देशमा वर्षौंदेखिका द्वन्द्वको डरलाग्दो अनुभवबाट पाएका शिक्षाहरूमा आधारित थियो । प्रस्ताव १३२५ ले द्वन्द्वमा महिला र बालिकाहरूले भोगेका पीडाका अवस्थाहरूको उपचार गर्न कारबाही गरियोस् भन्ने सुनिश्चित गर्न र महिलाहरूले पात्र तथा नेताको रूपमा द्वन्द्व रोकथाम, व्यवस्थापन र समाधानमा सहभागी हुन सकून् भन्ने सुनिश्चित गर्न नेपाललगायत विश्वका देशहरूमा महिला कार्यकर्ताहरूद्वारा वर्षौंदेखि चलाइएका सङ्घर्षहरूको पनि प्रतिनिधित्व गर्दछ ।

नेपाली महिला र बालिकाहरू मानवअधिकारको संरक्षण र प्रवर्द्धन दुवैका लागि प्रस्ताव १३२५ मा विस्तृत रूपमा उल्लेख गरिएका उपायहरूलाई व्यवहारमा उतार्न र त्यसरी नै विस्तृत शान्ति सम्झौताको कार्यान्वयनमा संलग्न नेपाली संस्था तथा संयन्त्रहरूका निर्णय प्रक्रियाका सबै तहमा नेपाली महिलाहरूको बढ्‌दो प्रतिनिधित्व होस् भन्ने सुनिश्चित गर्न सबै नेपाली पात्रहरूले कार्य गर्नु अति आवश्यक छ ।

यो महिलाका लागि विशेष अधिकारको प्रश्न होइन । बरु, यो पुरुष र युवाहरू सरह महिला तथा बालिकाहरूका पनि अधिकार हुन्छन् र हामी सबै समान छौं तथा दिगो शान्ति र विकासका लागि सबैका मानवअधिकारको सम्मान गर्नु आवश्यक छ भन्ने कुराको स्वीकारोक्ति हो ।

शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घीय सहायताले महिला तथा बालिकाहरूका दृष्टिकोणहरूलाई ध्यान दिने तथा सो प्रक्रियालाई सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसङ्घीय मिसन र कार्यालयहरूका सबै तहमा महिलाहरूको प्रतिनिधित्व होस् भन्ने सुनिश्चित गर्न हामी संयुक्त राष्ट्रसङ्घका लागि प्रस्ताव १३२५ मा विस्तृत रूपमा उल्लेख गरिएका उपायहरूलाई कार्यान्वयन गर्नु पनि महत्वपूर्ण हुनेछ ।

जनआन्दोलनपछिका प्रारम्भिक कदमहरूले प्रस्ताव १३२५ जुन शिक्षाहरूमा आधारित छ तिनमाथि नेपाली पात्रहरूले अहिलेसम्म गम्भीरतापूर्वक विचार नपुऱ्याएकोमा यो चिन्ताको कारण भएको छ । सात दल गठबन्धन र नेकपा (माओवादी) दुवैका वार्ता टोलीहरूमा महिला सहभागिताको अभाव रह्यो । यस वर्षको अप्रिल (चैत-वैशाख) महिनायता स्थापित प्रमुख संस्थाहरूमा पनि महिला सदस्यहरू राखिएका छैनन् वा महिला सदस्यहरूको न्यून प्रतिनिधित्व भएको छ । उदाहरणका लागि, अन्तरिम संविधान मसौदा समिति, उच्चस्तरीय जाँचबुझ आयोग (रायमाझी आयोग), युद्धविराम आचारसंहिता अनुगमन समितिलाई लिन सकिन्छ । हामी राष्ट्रिय मानवअधिकार आयोगका आयुक्तहरूको नियुक्तिलाई पर्खेर बसेका छौं र अझ राम्रो गर्न तथा महिलाहरूको प्रतिनिधित्व साङ्केतिक मात्र नहोस् भन्ने सुनिश्चित गर्न सरकारसँग जोडदार आग्रह गर्दछौं ।

प्रस्ताव १३२५ मा विस्तृत रूपमा उल्लेख गरिएका उपायहरूको कार्यान्वयन सही काम गरेको देखिनु मात्र होइन । कुनै पनि देशले यदि आफूसँग सबै जनताको सक्रिय र समान सहभागिता भयो भने द्वन्द्वको अझ राम्ररी राकथाम गर्न सक्छ वा समाधान गर्न वा शान्ति निर्माण गर्न सक्छ भन्ने अनुभवबाट प्राप्त शिक्षाहरूले देखाएको हुनाले सुरक्षा परिषद्ले यो प्रस्ताव पारित गऱ्यो । र, किन पनि भने, महिला तथा बालिकाका अधिकारहरू केवल मानवअधिकारहरू हुन, जसको सम्मान गरिनुपर्दछ । नेपालले ११ वर्ष लामो तिक्त द्वन्द्वपछिको शान्ति निर्माणको भगीरथ प्रयत्नमा आफ्नो आधा जनसङ्ख्यालाई पाखा लगाउन सक्दैन ।

अन्त्यमा, म ओरेक र फेदोलाई यो “महिला मानवअधिकार रक्षकहरूसँगको तेस्रो राष्ट्रिय परामर्श”को आयोजना गर्नमा महत्वपूर्ण पहल गर्नु भएकोमा बधाई दिन्छु । म विशेषतः आफूले प्रत्येक दिन गर्ने कार्यका लागि देशका नगर र गाउँहरूबाट आउनु भएका महिला मानवअधिकार रक्षकहरूको प्रशंसा गर्न चाहन्छु । र, यो परामर्शमा भएको फेदोको नेतृत्वले विभिन्न भेदभावहरूबाट पीडित दलितका जस्ता समुदायहरूबाट आएका महिलाहरूको सङ्घर्षलाई जोड दिन्छ । तपाईंका समुदायहरूमा मानवअधिकार - सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकारहरू एवं नागरिक तथा राजनीतिक अधिकारहरू - को संरक्षण र प्रबर्द्धन गर्न गरेको आफ्नो सङ्घर्षले दैनिक आधारमा महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै समाजका सबै तहमा नेता बन्नका लागि नेपाली युवतीहरूको नयाँ पुस्तालाई प्रेरणा दिएको छ । शान्ति प्रक्रियाको सबै तहमा महिलाको नेतृत्व तथा सक्रिय सहभागिता नेपालमा शान्तिका लागि राम्रो कुरा हो ।

यो महत्वपूर्ण बैठकका आगामी दिनहरूका लागि शुभकामना दिंदै तपाईंहरूसँग मलाई भेट गर्न निम्तो दिनु भएकोमा फेरि पनि धन्यवाद दिन्छु ।